कार्यपालिका बैठक संख्या :- १११

बैठक मिति :- २०७८।०८।१९

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार काठमाडौंको मिति २०७८।०७।०८ च.नं. ८५ को प्राप्त पत्रानुसार गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम चालु आर्थिक बर्षमा संचालन गर्न स्वीकृत निर्देशिका बमोजिम सशर्त अनुदान शिर्षक नं. २६३३२ बाट कार्यक्रम संचालन गर्न भनि वित्तिय हस्तान्त्रण भई आएको हुँदा तोकिए बमोजिमको गणक, सुपरीवेक्षक छनौट तथा आवश्यक सामाग्रीहरुको खरिद प्रक्रिया अगाडी बढाई गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ बमोजिम गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकाबाट संचालित आईसोलेशन सेन्टरमा खटिने सुरक्षाकर्मी १ जनालाई चालु आ.ब.को श्रावण १ गते देखि असोज मसान्त सम्मको खाईपाई आएको तलबको ५० प्रतिशतले हुन आउने रकम प्रोत्साहन तथा जोखिम भत्ता वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३**

इटहरी उपमहानगरपालिका अन्तर्गत इटहरी अस्पताल, खनार तथा पकली स्वास्थ्य चौकीका लागि देहाय बमोजिमका पदहरुमा सेवा करारबाट पदपूर्ति गर्नका लागि नियमानुसार प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

| क्र.सं. | पद | स्तर | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल ल्याव टेक्नोलोजिस्ट | ७ | १ | |
| २ | ल्याव टेक्नेसियन | ५ | १ | |
| ३ | रेडियो ग्राफर | ५ | १ | |
| ४ | फार्मेसी सहायक | ५ | १ | |
| ५ | ल्याव असिष्टेण्ट | ४ | २ | |

**निर्णय नं ४**

इटहरी उपमहानगरपालिका १३ नं. वडा कार्यालयको आफ्नो भवन नभएको र हाल सम्म समुदायबाट निर्माण भएको सामुदायिक भवनबाट संचालन हुदै आएकोमा आफ्नै भवन नभए सम्मका लागि सार्वजनिक सूचना प्रकाशित गरी उपयुक्त स्थानमा वडा कार्यालय भवन सार्ने निर्णय गरियो ।

CS CamScanner

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिका वडा नं. १६ मा निर्माण भएको सामुहिक मुसहरी बस्ती तथा विपन्न परिवारहरुको लागि आवास (घर) हस्तान्तरण गर्नका लागि १५ (पन्ध्र) दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको ३ सदसिय समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

१. संयोजक :- श्री दिप नारायण चौधरी, १६ वडा अध्यक्ष

२. सदस्य :- श्री भगवानलाल साहु, १७ नं. वडा अध्यक्ष

३. सदस्य सचिव :- इन्जिनियर श्री जिवन घिमिरे

**निर्णय नं. ६**

यही मिति २०७८।७।१ र २ गते परेको अविरल बर्षाका कारण आएको भिषण बाढीबाट भएको भौतिक क्षति तथा खोला कटान नियन्त्रण तथा रोकथामका लागि विपद् व्यवस्थापन कोषबाट देहाय अनुसारको योजना संचालन गर्ने निर्णय गरियो ।

देहाय

| क्र. सं. | योजनाको नाम | स्थान | वडा नं. | रकम |
|---|---|---|---|---|
| १ | तटबन्धन निर्माण | पूर्व सिंहबाहिनी टोल पूर्व बुढीखोला २ स्थानमा | ३ | १० लाख |
| २ | तटबन्धन निर्माण | खोर्सानै खाँप बुढीखोला ३ स्थानमा | ३ | १५ लाख |
| ३ | तटबन्धन निर्माण | याक्थुङ चोक पूर्व बुढीखोला २ स्थानमा | ३ | १० लाख |

CamScanner